# महालेखा परीक्षकको कार्यालय

## Office of the Auditor General

डोरमुकाम, मकवानपुर
ब.छा.बे.

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्या: २०७४/७५
च.नं. ४५

मिति: २०७४।११।१५

श्री कार्यालय प्रमुख ज्यू,
राक्सिराङ्ग गाउँपालिकाको कार्यालय,
चैनपुर,मकवानपुर ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार 'त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोवारको आर्थिक विवरण तथा सोसँग सम्वन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्वन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।११।१५ मा छलफल पश्चात् तयार गरिएको पाना ८(२) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्वन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) वमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(२) वमोजिम कारवाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थ:

(पद्मप्रसाद आचार्य)
निर्देशक

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं । :- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
मकवानपुर । :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मकवानपुर । :- प्रतिवेदन संलग्न छ ।

दर्ता नं. ३३३
मिति ११/२१

# आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थान: | | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| राक्सिराङ्ग गाउँपालिका | नि.कार्यालय प्रमुख: | चुननारायण श्रेष्ठ | २०७३ फाल्गुण २८ | २०७३ चैत्र मसान्त | |
| राक्सिराङ्ग गाउँपालिका | कार्यालय प्रमुख: | राजु आचार्य | २०७४ वैशाख | २०७४ आषाढ मसान्त | ७७१६९३ |
| | लेखा प्रमुख: | अर्जुन दाहाल | २०७४ वैशाख | २०७४ आषाढ मसान्त | |
| साविक राक्सिराङ्ग गा वि स | कार्यालय प्रमुख | चुननारायण श्रेष्ठ | २०७३ श्रावण | २०७४ आषाढ मसान्त | ३५,९१,००० |
| साविक कांकडा गा.वि.स | कार्यालय प्रमुख | चुननारायण श्रेष्ठ | २०७३ श्रावण | २०७४ आषाढ मसान्त | ३२,४४,००० |
| साविक सरिखेत गा.वि.स | कार्यालय प्रमुख | दशरथ गुरागाई | २०७३ श्रावण | २०७४ आषाढ मसान्त | ४०,१०० |
| साविक खैराङ गा.वि.स | कार्यालय प्रमुख | बसन्त कुमार सिटौला | २०७३ श्रावण | २०७३ कार्तिक | ३०,००० |
| साविक खैराङ गा.वि.स | कार्यालय प्रमुख | मर्दन बिमली | २०७३ मंसिर | २०७४ आषाढ मसान्त | |

# राक्सिराङ्ग गाउँपालिका

## एकीकृत आय-व्ययको विवरण

### गाउँ विकास समिति खर्च (फिर्ता समेत) २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म

| क्र.सं. | विवरण | आय | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| | | साविक जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | मौज्दात/गा.पा फिर्ता | जम्मा |
| (क) | साविक गाउँ विकास समितितर्फ( २०७३।४।१-११।२७) | | | | | | |
| १. | राक्सिराङ्ग गाउँ विकास समिति | ३८६०७७६.०० | ६१३१६८५.०० | ९९९२४६१.०० | ९२९८७९९.०० | ६९३६६२.०० | ९९९२४६१.०० |
| २. | कांकडा गाउँ विकास समिति | ३७११०३१.०० | ६६२०९६२.०० | १०३३१९९३.०० | ८६८८५४३.०० | १६४३४५०.०० | १०३३१९९३.०० |
| ३. | सरिखेत गाउँ विकास समिति | ४६२४७७.२० | ६६४८९७८.०० | ७१११४५५.२० | ४९६३३२९.३० | २१४८१२५.९० | ७१११४५५.२० |
| ४. | खैराङ गाउँ विकास समिति | ३०४७९८५.२५ | ४२२६६८१.०० | ७२७४६६६.२५ | ५२१४१११.२५ | २०६०५५५.०० | ७२७४६६६.२५ |
| | जम्मा: | ११०८२२६९.४५ | २३६२८३०६.०० | ३४७१०५७५.४५ | २८१६४७८२.५५ | ६५४५७९२.९० | ३४७१०५७५.४५ |
| (ख) | राक्सिराङ्ग गाउँपालिका ( २०७३।११।२८-०७४।३।३० सम्म) | ६५४५७९२.९० | ५२०३९४१६.०० | ५८५८५२०८.९० | ५१४३५२०८.९० | ७१५०००० | ५८५८५२०८.९० |
| | कूल जम्मा: | ६५४५७९२.९० | ५२०३९४१६.०० | ५८५८५२०८.९० | ५१४३५२०८.९० | ७१५०००० | ५८५८५२०८.९० |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| १ | **राक्सिराङ्ग गाउँपालिका**<br>(२०७३ फागुन २८ गते देखी २०७४ आषाढ मसान्त सम्म)<br>आय-व्यय विवरण |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | क्र.सं. | विवरण | रकम |
| १. | अ.ल्या भएमा मात्र | ६६७४९९२.९० | १. | जि.वि.स. अनुदान खर्च | |
| २. | जि.वि.स.अनुदान | | (क) | चालु खर्च | ७०४७६३.०० |
| (क) | चालु अनुदान | ७२६६६४.०० | (ख) | पूँजीगत खर्च | ११९४५६७७.६० |
| (ख) | पूँजीगत अनुदान | १५२३५४४०.०० | (ग) | सामाजिक सुरक्षा | २१३०८०००.०० |
| (ग) | सामाजिक सुरक्षा भत्ता | २०५४०८००.०० | (घ) | अन्य फो.पु.हेरालु | ५२७६०३६.०० |
| (घ) | अन्य: फो.पु.हेरालु | ५२९७९१२.०० | | गाउँपालिका अनुदान खर्च | |
| ३. | गाउँपालिका अनुदान | | २ | चालु अनुदान | ९८०७०६.३० |
| (क) | चालु अनुदान | २००००००.०० | (क) | पूँजीगत अनुदान | ४०२००३६.०० |
| (ख) | पूँजीगत अनुदान | ८००००००.०० | (ख) | स्थानीय शासन | |
| (ग) | स्थानीय शासन | ० | (ग) | बहुक्षेत्रीय पोषण | |
| (घ) | बहुक्षेत्रीय पोषण | ० | (घ) | अन्य | |
| (ङ) | अन्य | ० | ३ | मौज्दात | |
| ४. | आन्तरिक आय | १०९६२०.०० | (क) | बैंक | ७१५००००.०० |
| | | | (ख) | नगद | |
| | जम्मा | ५८५८५२०८.९० | | जम्मा | ५८५८५२०८.९० |

उपरोक्त आर्थिक कारोवारको पेश भएसम्म स्रेस्ताको स्वीकृत लेखापरीक्षण योजना तथा कार्यक्रमको आधारमा लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्वन्धमा कार्यालयका सम्वन्धित पदाधिकारीसंग मिति २०७४।११।१५ मा छलफल सम्पन्न गरीएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन् :

लेखापरीक्षणको क्रममा विल बाट बढी भुक्तान भएको रकम रु २३७३।०० अशुल भई गाउपालिकाको संचित कोष खातामा दाखिला भएको छ।

१ **२०७३।११।२७ सम्मको आर्थिक प्रतिवेदनः** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून बमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाउपालिका देहाय अनुसार साविकका गाउ विकास समितिहरु समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी बैंकमा भएको मौज्दात मात्र पठाएको आधारमा जिल्ला समन्वय समितिमा गाविस र नगरपालिकाका नाममा निकासा भएको रकम फिर्ता भएको छ । आर्थिक विवरण वेगर मौज्दात विवरण मात्र पठाउने कार्य नियम संगत देखिएन ।

| साविक गाउँ विकास समितिको नाम | मौज्दात रकम |
|---|---|
| साविक शक्तिराइ गा.वि.स | ६९३६६२.०० |
| साविक कांकडा गा.वि.स. | १७२६५०.०० |
| साविक सरिखेत गा.वि.स. | २०६०५५५.०० |
| साविक खैराङ गा.वि.स. | २१५८१२५.९० |
| जम्मा | ६६७४९९२.९० |

२. **सम्पत्ती हस्तान्तरण** :स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पतीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस गाउपालिकाले साविक गाउ विकास समितिमा रहेको जिन्सी सम्पत्ती गाउपालिकाको नाममा हस्तान्तरण भएको देखिन्छ ।

३ स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुंदा नं. ५.१२ मा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की तथा बेरुजु संपरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गतको साविकका ४ वटा गाउँ विकास समितिका कार्यालयहरुको पेश्की तथा बेरुजुको अभिलेख गाउँपालिकामा खडा गरी राख्नुपर्दछ ।

४ **खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सार्वजनिक खरिद तथा नियमावली बमोजिम वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमावलीको पालना गर्नुपर्दछ ।

५ **उपभोक्ता समितिको श्रेस्ता अनुगमन** :- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था गरेको छ । उक्त बुंदामा अन्य कुराहरुको अतिरिक्त उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याकन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । कार्यालयले यो वर्ष सो अनुसार उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्बन्धमा अनुगमन गरेको देखिएन ।

६ **आयोजना जांचपास र फरफारक** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३५ मा स्थानीय निकायले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जांचपास गर्नुपर्ने तथा आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्ने व्यवस्था छ ।

गाउपालिकाबाट सञ्चालित आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने गरेको नपाईएकोले नियमावलीको कार्यन्वयनमा ध्यान दिनुपर्दछ ।

७ **क्षेत्रगत खर्च विवरण** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४८( ३-क) मा अनुसूची-२५ बमोजिम क्षेत्रगत खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले क्षेत्रगत खर्चको विवरण तयार नगरेको कारणले चालु खर्च, लक्षित समूह, पूर्वाधार विकास, प्रवर्धनात्मक कार्य तथा कन्टिन्जेन्सी भएको खर्च सम्बन्धमा यकिन गर्न सक्ने अवस्था नरहेकोले क्षेत्रगत खर्च विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८ **अग्रीम कर** : गो.भौ.नं. ५७ २०७४।३।११ २० वाटको सोलार सिष्टम खरिद वापत रु. ५९५००। भुक्तानी गर्दा आयकर ऐन २०५८को दफा ८९ बमोजिम १.५ प्रतिशत अग्रिम कर रु ८९३। कट्टी गरी भुक्तानी दिनुपर्ने मा  कट्टी गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

९ **सामाजिक सुरक्षा भत्ता** : सामाजिक.सुरक्षा.संचालन कार्यविधि २०७२ बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण प्राप्त रु २१८०८८००। मध्ये रु २,१३,०८,०००। खर्च भई रु ५,००,८००। आर्थिक बर्षको अन्तसम्म गाउपालिकाको खातामा मौज्दात देखिएकोले उक्त रकम राजश्व दाखिला गनुपर्दछ ।

१० **आर्थिक सहायता तथा अनुदान** : स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्याविधि २०६९ को दफा १३ बमोजिम स्थानिय निकायमा निर्वाचित प्रतिनिधिको बहाली नभएसम्मा वा अर्को व्यवस्था नभए सम्म सचिवले स्थानिय निकायको चालु तथा पुँजिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता एवम संस्थागत अनुदान सहयोग वितरण गर्न नपाउने व्यवस्था भएकोमा साबिक काँकडा गा.वि.स.को काँकडा स्वास्थ्य चौकी अनुदानमा रु १७००००। र धिरांग स्वास्थ्य चौकी अनुदानमा रु १०००००। समेत रु २७००००। अनुदान खर्च लेखेको नियमित देखिएन ।

११ **साविकको गाउँ विकास समितितर्फ (२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)**

**राक्सिराङ्ग गाउँ विकास समिति**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | | ३८६०७४६.०० | १. यो वर्षको खर्च | | ९२९८७९९.०० |
| २. यो वर्षको आम्दानी | | ६१३१७१५.०० | चालु | ४८२९२५.०० | |
| चालु | ३६३३३४.०० | | पुजिगत | १५६८०००.०० | |
| पूजिगत | १८७५७५.०० | | सामाजिक सुरक्षा | २६२५६००.०० | |
| सामाजिक सुरक्षा | २६२५६००.०० | | अन्य | ४६२२६७४.०० | |
| आन्तरिक आय | १३२५२५.०० | | २. गा.पा फिर्ता | | ६९३६६२.०० |
| अन्य आय | ११३४६८१.०० | | मौज्दात | | |
| दाखिला गर्न बाकी कर | ०.०० | | ग ४ बैंक खाता | | |
| | | | नगद | | |
| जम्मा | | ९९९२४६१.०० | जम्मा | | ९९९२४६१.०० |

११.१ **पेश्की बाकी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न बाकीको विवरण अनुसार साविक गाउ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई देहाय अनुसार बाकी रु ४३१४८५।०० देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्नेछ ।

| सि.नं. | पेश्की लिनेको नामथर | रकम | पेश्की दिएको आ.व. |
|---|---|---|---|
| १ | अमृत ब.प्रजा | १५००००.०० | गत विगत |
| २ | विष्णुराम प्रजा | १०५९८५.०० | गत विगत |
| ३ | खुशिलाल बल | २५०००.०० | गत विगत |
| ४ | पदमश्री स्याङतान | १०००००.०० | गत विगत |
| ५ | कृष्ण कुमार कोईराला | २५०००.०० | गत विगत |
| ६ | कालिका मा.वि | २४५००.०० | गत विगत |
| | जम्मा | ४३०४८५.०० | |

११.२ आर्थिक सहायता तथा अनुदान : स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्याविधि २०६९को दफा १३ बमोजिम स्थानिय निकायमा निर्वाचित प्रतिनिधिको बहालि नभएसम्मा वा अर्को व्यवस्था नभए सम्म सचिवले स्थानिय निकायको चालु तथा पुर्जिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता एवम संस्थागत अनुदान सहयोग वितरण गर्न नपाउने व्यवस्था भएकोमा साविक राक्सिराङ गा.वि.स.ले २०७३ फाल्गुणसम्म महादेव मन्दिर पुजा खर्च रु. १००००।, स्वास्थ्य चौकी अनुदान खर्च रु. ६००००।, स्वास्थ्य इकाई अनुदान रु. ८५०००। समेत कुल रु १५५०००। खर्च लेखेको नियमित देखिएन ।

११.३ **निकास भन्दा खर्च बढी :** स्थानिय निकाय आर्थिक प्रशासन निवावली २०६४ नियम ८ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्ने रकम स्वीकृत बजेट भित्र र सम्बन्धत खर्च शिर्षक नंम्बरमा परेमा र खर्च गर्न बाँकी भएमा मात्र खर्च गर्ने आदेश दिन वा खर्च स्वीकृत सक्ने व्यवस्था भएकोमा साविक राक्सिरांग गा.वि.स.ले २०७३ फाल्गुण सम्म युनिसेफ बाट भुकम्प पिडीत बालबालीकाको लागी गत बर्ष प्राप्त रकम मध्ये यस बर्ष रु ३४,३६,०००। वितरण गरेको भनी खर्च लेखेको छ । गत बर्षको अन्तीम लेखा परिक्षण प्रतिवेदन अनुसार भुकम्प राहत अनुदान रु ७०५८०००। आम्दानी भई पुरै रकम भुकम्प राहत वितरण वापत खर्च गरेको देखिन्छ । पुन यस बर्ष युनिसेफ तर्फको गत बर्षको आ.य.बाट बालबालिकालाई राहत बितरण भनी रु ३४,३६,०००। खर्च लेखी जिल्ला बिकास समिति बाट पेश्की कायम भएको रु ३४,२४,०००। पे.फ.गरेको देखियो । युनिसेफ बाट प्राप्त रकम गत बर्षको जिम्मेवारीमा बांकी रहेको नदेखिएको अवस्थामा यस बर्ष मा रु. ३४,३६,०००। खर्च लेखि बढी भुक्तानी भएको सम्बन्धमा छानबिन गरी जिम्मेवार पदाधिकारी बाट असुल हुनुपर्दछ ।

१२ **साविकको गाउँ विकास समितितर्फ (२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म)**

**काँकडा गाउँ विकास समिति**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | | ३७३१०३१.०० | १. यो वर्षको खर्च | | ८५८८५४३.०० |
| २. यो वर्षको आम्दानी | | ६६२०१६२.०० | चालु | ४०१८५१.०० | |
| चालु | ३६३३३४.०० | | पूजिगत | १३४५०२८.०० | |
| पूजिगत | २३२८८००.०० | | सामाजिक | २९१८४००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सुरक्षा | | |
| सामाजिक सुरक्षा | २६१८४००.०० | | अन्य | ४२२३२६४.०० | |
| आन्तरिक आय | ९८३५१.०० | | २. गा.पा.फिर्ता | | १७८२५५०.०० |
| अन्य आय | १२११२७७.०० | | ग ४ बैंक खाता मौज्दात | | |
| जम्मा | | १०३५११९.०० | जम्मा | | १०३५११९.०० |

१२.१ **पेश्की बाकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न बांकीको विवरण अनुसार साविक गाउ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई देहाय अनुसार गत वर्ष सम्मको रु ४७३०००.०० र यस वर्षको रु २०००० ।०० समेत जम्मा रु ४९३०००.०० नियमनुसार फछ्र्यौट गर्नुपर्नेछ ।

| सि.नं. | पेश्की लिनेको नामथर | रकम | पेश्की दिएको आ.व. |
|---|---|---|---|
| १ | कृष्णलाल तामाङ | ३७००००.०० | गत आ.व ०७२।७३ सम्मको ३५०००० र चा.लु आ.व को २०००० समेत |
| २ | डिल ब.गोले | ३००००.०० | गत विगत |
| ३ | बम ब.मुक्तान | ६५०००.०० | गत विगत |
| ४ | जंगलाल प्रजा | १५०००.०० | गत विगत |
| ५ | जित ब.मुक्तान | १३०००.०० | गत विगत |
| | जम्मा | ४९३०००.०० | |

१२.२ **आर्थिक सहायता तथा अनुदान :** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३ बमोजिम स्थानिय निकायमा निर्वाचित प्रतिनिधिको बहालि नभएसम्मा वा अर्को व्यवस्था नभए सम्म सचिवले स्थानिय निकायको चालु तथा पुर्जिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता एवम संस्थागत अनुदान सहयोग वितरण गर्न नपाउने व्यवस्था भएकोमा साविक काँकडा गा.वि.स.ले २०७३ फाल्गुण सम्म काँकडा स्वास्थ्य चौकी अनुदानमा रु ५०,०००। र धिरांग स्वास्थ्य चौकी अनुदानमा रु ३०,०००। समेत रु ८०,०००। अनुदान खर्च लेखेको नियमित देखिएन ।

१२.३ **निकास भन्दा खर्च बढी :** स्थानिय निकाय आर्थिक प्रशासन नियावली २०६४ नियम ८ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्ने रकम स्वीकृत बजेट भित्र र सम्वन्धत खर्च शिर्षक नंम्वरमा परेमा र खर्च गर्न बाँकी भएमा मात्र खर्च गने आदेश दिन वा खर्च स्वीकृत सक्ने व्यवस्था भएकोमा साविक काँकडा गा.वि.स.ले २०७३ फाल्गुण सम्म युनिसेफ बाट भुकम्प पिडीत बालबालीकाको लागी गत वर्ष प्राप्त रकम मध्ये यस वर्ष रु ३१४४०००। वितरण गरेको भनी खर्च लेखेको छ । गत वर्षको अन्तीम लेखा परिक्षण प्रतिवेदन अनुसार युनिसेफ बाट प्राप्त बालबालिका अनुदान रु ३१३२०००। र नेपाल सरकार बाट प्राप्त भुकम्प पिडित राहात बापात रु ४०३८०००। समेत रु ७१७००००। आम्दानी भई भुकम्प राहत वितरण वापत रु ८०३८०००। खर्च गरेको देखिन्छ । गत वर्ष नै निकासा भन्दा बढी रु ८६८०००। खर्च गरी सकेको अवस्थामा पुन यस वर्ष युनिसेफ तर्फको गत वर्षको आ.य.बाट भुकम्प पिडित राहात वितरण भनी रु ३१,४४,०००। खर्च लेखी जिल्ला विकास समिति बाट पेश्की कायम भएको रु ३१,३२,०००। पे.फ.गरेको देखियो युनिसेफ र नेपाल सरकारबाट खुद प्राप्त भएको रकम भन्दा गत वर्ष नै बढि खर्च लेखिसके पछि पुन ०७३।०७४ मा रु. ३१,४४,०००। खर्च लेखि बढी भुक्तानी भएको सम्वन्धमा छानविन गरी जिम्मेवार पदाधिकारी बाट असुल हुनुपर्छ ।

| १३ | साविकको गाउँ विकास समितितर्फ (२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म) |
|---|---|

**सरिखेत गाउँ विकास समिति**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | | ४६२४७६.२० | १. यो वर्षको खर्च | | ४९५३३२९.३० |
| २. यो वर्षको आम्दानी | | ६६७३०५८.०० | चालु | ४०९४२९.३० | |
| चालु | ३६३३३४.०० | | पुजिगत | ५८९९००.०० | |
| पुजिगत | २२५९६४५.०० | | सामाजिक सुरक्षा | ३८९२०००.०० | |
| सामाजिक सुरक्षा | ३८९२०००.०० | | अन्य | ६२०००.०० | |
| आन्तरिक आय | ८४०७९.८० | | २. गा.पा.फिर्ता | | २१५८१२५.९० |
| अन्य आय | ७४०००.०० | | नगद मौज्दात | | २४०७९.८० |
| दाखिला गर्न बाकी कर | ०.०० | | ग ४ बैंक खाता | | |
| | | ७११४५५.२० | नाद | | |
| | जम्मा | ७११४५५.२० | | जम्मा | ७१३५५३५.०० |

| | |
|---|---|
| १३.१ | **नगद दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम आफ्नो जिम्मामा रहेको नगद मौज्दात दाखिला गर्न पन्ध्र दिनभन्दा बढी ढिलो गरेमा पच्चिस प्रतिशत जरिवाना समेत नगद दाखिला गर्नुपर्ने व्यवस्था छ ।साविक सरिखेत गा.वि.स सहायक श्री चन्द्रलाल लामाको नाममा गा.वि.स.को २०७३ फाल्गुण २७ सम्मको विवरणमा नगद बाँकि रु २४,०७९।८० रहेकोमा उक्त रकम २०७४ आषाढ मसान्त सम्म बैंक दाखिला गरेको नपाईएकोले २५ प्रतिशत जरिवाना समेत थप गरी रु ३०१००.०० यथाशिघ्र अशुल गरी गाउंपालिकाको मुल संचित कोष खातामा जम्मा गर्नुपर्ने देखिन्छ । |
| १३.२ | **आर्थिक सहायता तथा अनुदान :** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्याविधि २०६९को दफा १३ बमोजिम स्थानिय निकायमा निर्वाचित प्रतिनिधिको बहालि नभएसम्मा वा अर्को व्यवस्था नभए सम्म सचिवले स्थानिय निकायको चालु तथा पुर्जिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता एवम संस्थागत अनुदान सहयोग वितरण गर्न नपाउने व्यवस्था भएकोमा साविक सरिखेत गा.वि.स.ले २०७३ फाल्गुण सेवामुलक संस्था अनुदान रु १०,०००। खर्च लेखेको नियमित देखिएन । |
| १४ | साविकको गाउँ विकास समितितर्फ (२०७३ श्रावण १ गते देखी फागुन २७ सम्म) |

**खैराङ गाउँ विकास समिति**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. गत वर्षको मौज्दात | | ३०४४८११.०० | १. यो वर्षको खर्च | | ५२१३११.२५ |
| नगद | | २३७४.२५ | | | |
| २. यो वर्षको आम्दानी | | ४२३७९२६.०० | चालु | ४३९८७४.२५ | |
| चालु | ३६३३३४.०० | | पुजिगत | २३७७४३७.०० | |
| पुजिगत | १२५२७०५.०० | | सामाजिक सुरक्षा | ०.०० | |
| सामाजिक सुरक्षा | १२६८०००.०० | | अन्य | २३९६०००.०० | |
| आन्तरिक आय | ११२४५.०० | | २. जि.वि.स.फिर्ता | | २०६०५५५.०० |
| अन्य आय | १३४२६४२.०० | | नगद मौज्दात | | ११२४५.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दाखिला गर्न बाँकी कर | ०.०० | | | | |
| | | जम्मा | ७२८५१११.२५ | | जम्मा | ७२८५१११.२५ |

| | |
|---|---|
| १४.१ | साविक खैराङ गा.बि.स को २०७३ फाल्गुण २७ सम्मको विवरणमा नगद बाँकि रु ११२४५।०० रहेकोमा उक्त रकम २०७४ आषाढ ३० गते गाउंपालिकाको मुल संचित कोष खातामा जम्मा गरेको देखिन्छ । |
| १४.२ | **पेश्की बाकी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न बाकीको विवरण अनुसार साविक गाउ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई देहाय अनुसार बांकी रु ११२००००।०० देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्नेछ । |

| क्षि.नं. | पेश्की लिनेको नामथर | रकम | पेश्की दिएको आ.व. |
|---|---|---|---|
| १ | जितमान नगरकोटी | १७०००.०० | गत विगत |
| २ | बिर बहादुर लामा | २००००.०० | गत विगत |
| ३ | बलराम घिमिरे | ३००००.०० | गत विगत |
| ४ | जयराम पौडेल | १००००.०० | गत विगत |
| ५ | स्वाभिमान टेडर्स | १५००००.०० | गत विगत |
| ६ | खुब बहादुर मल्ल | १००००.०० | गत विगत |
| ७ | राजीमान गुरुङ | २५०००.०० | गत विगत |
| ८ | गिरे मल्ल ठकुरी | १२००००.०० | गत विगत |
| ९ | आयुस खड्का | ६०००.०० | गत विगत |
| १० | लिला कुमारी नगरकोटी | ८००००.०० | गत विगत |
| ११ | हिरा कुमारी वाइवा | ५९०००.०० | गत विगत |
| १२ | कालिका मा.वि | २०००००.०० | गत विगत |
| १३ | बागेश्वरी नि.मा.वि | २०००००.०० | गत विगत |
| १४ | दिपेन्द्र कुमार झा | १०००००.०० | गत विगत |
| १५ | कालि ब.रुम्बा | ७००००.०० | गत विगत |
| १६ | जितमान नगरकोटी | २००००.०० | गत विगत |
| | जम्मा | ११२००००.०० | |

| | |
|---|---|
| १४.३ | **आर्थिक सहायता तथा अनुदान** : स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९को दफा १३ बमोजिम स्थानिय निकायमा निर्वाचित प्रतिनिधिको बहालि नभएसम्मा वा अर्को व्यवस्था नभए सम्म सचिवले स्थानिय निकायको चालु तथा पुर्जिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता एवम संस्थागत अनुदान सहयोग वितरण गर्न नपाउने व्यवस्था भएकोमा साविक खैराङ गा.बि.स.ले २०७३ फागुन सार्वजनिक संस्थालाई अनुदान रु ३०,०००। खर्च लेखेको नियमित देखिएन । |

## स्रोत उपयोग र उपलब्धिको विवरण

(हाल कायम भएको गाउपालिकामा प्रयोग गर्ने)

| क्र.सं. | स्रोत | | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|
| १ | यस वर्षको आम्दानी | ८६६३९१९१.४५ | बजेट खर्च | ७९४८९१९१.४५ |
| २ | कर्मचारी संख्या | स्थायी ६ जना<br>४९ जनप्रतिनिधि | स्थानीय तहको आम्दानी | १०९६२०.०० |
| ३ | भौतिक पूर्वाधार | | धरौटी आम्दानी | २,२६,०००.०० |

८

| | | | |
|---|---|---|---|
| | • भवन संख्या | ४ | कार्यक्रम उपलब्धि |
| | • सवारी साधन संख्या | १,मोटरसाईकल | • पन्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य |

## बेरुजू वर्गीकरण

| क.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | ८,११३,१२.३,१३.१ | ६६१०९९२ |
| २ | नियमित गर्नुपर्ने | | |
| | • अनियमित भएको | १०,११.२,१२.२,१३.२,१४.३ | ५४५००० |
| | • प्रमाण कागजात पेस नभएको | ९ | ५००८०० |
| | • जिम्मेवारी नसारेको | | |
| | • शोधभर्ना नलिएको | | |
| ३ | पेश्की | | |
| | • कर्मचारी | | |
| | • मोबिलाइजेसन | | |
| | • प्रतीतपत्र | | |
| | • संस्थागत | १२.१ | २०००० |
| ४ | सैद्धान्तिक | १,२,३,४,५,६,११.१,१४.१,१४.२ | |
| | जम्मा | | ७६७६७९२ |